# सर्वोच्च अदालतमा चढाएको

## निवेदन - पत्र

विषय :- उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ ।

कूलनाथको नाति विश्वनाथको छोरा सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. १६ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ९ बत्तिसपुतली बस्ने वर्ष ५० को सुवास ढकाल (९८५१०६०७७७)-----------------------------------१ } निवेदक

विरुद्ध

नेपाल सरकार, केन्द्रिय तथ्याङ्क विभाग, थापाथली काठमाडौं---------------१
नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं------------------------१
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौं--------------------------१
} प्रत्यर्थी

म निवेदक स.अ.नि. २०७४ को नियम ३२ बमोजिम लाग्ने दस्तुर रू. ५००/- साथै राखी नेपालको संविधान, २०७२ को धारा ४६, १३३ बमोजिम निम्न लिखित व्यहोराको निवेदन गर्न आएको छु -

१. म निवेदक वैदिक सनातन (हिन्दू) धर्मालम्बी सक्षम नेपाली नागरिक हुँ । नेपालको संविधानले प्रत्याभूत गरेको अधिकारको सुविधा प्राप्त गर्ने मेरो नैसर्गीक हक हो । नेपालको संविधानको मौलिक हक अन्तर्गत समानताको हक, धर्म सम्बन्धी हकको ग्यारेन्टि गरेको छ । संविधानले नेपालका नागरिकहरुका बीचमा धर्मको विषयमा भेदभाव गरेको छैन । सबै धर्म मत सम्प्रदायहरुलाई समान दृष्टिले हेरेको छ । विपक्षीहरुको कृयाकलापले २०७८ सालमा हुन लागेको राष्ट्रिय जनगणनामा मैले अपनाउँदै आएको वैदिक सनातन (हिन्दू) धर्मलाई कमजोर देखाउन विभेदकारी कृयाकलाप गर्न लागेको हुँदा नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक अन्तर्गत विपक्षिहरुले विभेद नगरी समान उपाय अबलम्बन गराउनका निमित्त अन्य सरल उपाय कुनै नभएकोले यो रिट क्षेत्र मार्फत सम्मानित अदालतको शरणमा आएको छु ।

२. जन्म मृत्यु तथा बसाइसराइ जस्ता निरन्तर परिवर्तनशील चरहरुले प्रभाव पार्ने भएकोले कुनैपनि भौगोलक क्षेत्रको जनसंख्या प्रतिक्षण परिवर्तन भैरहेको हुन्छ। नेपालमा जनसांख्यिक तथ्याङ्कको सबैभन्दा महत्वपूर्ण र प्रमुख स्रोतको रुपमा वि.सं १९६८ देखि हरेक १० वर्षको अन्तरालमा नियमित रुपमा हुने जनगणना रहेको छ । यसै क्रममा बि.सं २०६८ सालमा १०० बर्षको ११ औं जनगणना सम्पन्न भएको छ । देशको सबैभन्दा बृहत तथ्याङ्कीय क्रियाकलापको रुपमा जनगणनामार्फत् देशका हरेक घरपरिवारमा पुगेर संकलन गरिने जनसांख्यिक सूचकहरु १० बर्षको लामो अन्तरालमा मात्रै प्राप्त हुने भएकोले जनगणनाको महत्व रहेको प्रस्ट छ । देशभरी अक्सर (सामान्यतया) बसोबास गरेका सबै परिवारको घरदैलोमा पुगी निर्धारित समयभित्र परिवार र परिवारका सबै व्यक्तिहरूको सम्बन्धमा जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू संकलन, प्रशोधन, सारिणीकरण एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई "जनगणना" भनिन्छ। केन्द्रिय तथ्यांक विभागले हरेक दश वर्षमा गरिने राष्ट्रिय जनगणना बिक्रम संबत १९६८ साल देखि संचालन गर्दै आएको छ र यसको बाह्रौं श्रृंखला जेष्ठ २५ देखि असार ८, २०७८ सम्म सञ्चालन गर्दैछ।

३. केन्द्रीय तथ्याङ्क विभाग नेपालको तथ्याङ्कीय प्रणालीमा केन्द्रीय निकायको रुपमा रहेको छ । यसले मुलुकको आर्थिक, सामाजिक र जनसांख्यिक गतिविधिबारे विभिन्न सर्वेक्षण तथा गणनाहरु मार्फत तथ्याङ्क संकलन गरी राष्ट्रिय नीतिनिर्धारण एवं विकास योजनाका लागि नेपाल सरकारलाई आवश्यक, स्तरीय एवं भरपर्दो तथ्याङ्क नियमित रुपमा उपलब्ध गराउने यसको कर्तव्य हो। यसले नेपाल सरकारको तथ्याङ्क संकलन, प्रशोधन एवं सारिणीकरण गरी प्रकाशन तथा वितरण गर्ने एक प्रमुख सरकारी निकाय भएको हुँदा विभागबाट समय समयमा पूर्ण गणना, सर्वेक्षणहरु तथा अन्य स्रोतहरुबाट तथ्याङ्क संकलन गरी यसका नतिजाहरु प्रयोगकर्ता समक्ष पुऱ्याउने गर्दछ । नेपालमा प्रत्येक १०/१० वर्षमा सञ्चालन गरीने जनगणनाबाट देशको दीगो विकास लक्ष्य हाँसिल गर्ने नीति, योजना, कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयनका लागि आवश्यक तथ्याङ्क आपूर्ति गर्ने गर्दछ । यसका साथै आर्थिक क्रियाकलापहरुलाई मूल्याङ्कन गर्न र यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता हुन्छ। नेपाल सरकारलाई योजना तर्जुमा तथा नीति निर्धारणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने कार्य अन्तर्गत यसले राष्ट्रिय जनगणना २०७८ को तयारी सम्बन्धि कार्य गर्न लागेको हो ।

४. नेपालमा वि.सं. १९६८ (सन् १९११) सालदेखि जनगणना गर्ने काम शुरु भएको र त्यसपछि लगभग प्रत्येक १०/१० वर्षको अन्तरमा जनगणना सञ्चालन हुँदै आएको छ । पहिलो र दोस्रो जनगणनाको मुख्य उद्देश्य मालिक, कमारा कमारी, बाँधाको सूची तयार गर्ने रहेको थियो । वि.सं. १९९८ सालसम्म सञ्चालन भएका जनगणना सामान्य व्यक्ति गणना (Head Count) का रूपमा मात्र सीमित थिए भने वि.सं. २००९/११ (सन् १९५२/५४) सालदेखि सञ्चालन भएका जनगणनाहरू आधुनिक (वैज्ञानिक) जनगणना मानिन्छन् । वि.सं. २०१५ सालमा केन्द्रीय तथ्याङ्क विभागको स्थापना भए पछिका सबै जनगणना विभागले सञ्चालन गर्दै आएको छ । यस क्रममा वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना नेपालको बाह्रौं र वि.सं. २०७२ सालमा जारी भएको नेपालको संबिधान बमोजिमको संघीय प्रणालीको पहिलो जनगणना हो ।

५. जनगणनाको मूख्य उद्देश्य निर्धारित सीमाना भएको क्षेत्रको निर्धारित समयमा जम्मा कति मानिस थिए त्यसको निर्धारण गर्नु हो । त्यस निर्धारित सीमाना भएको क्षेत्रमा दश वर्षसम्मको अन्तरालमा जनसंख्यामा के कस्तो किसिमको अदल-बदल हुन गयो त्यसको तुलनात्मक अध्ययन गर्न १०/१० वर्षको अन्तरमा जनसंख्या गर्ने चलन भएको हो । जिल्लाको सीमाना प्रशासकिय दृष्टिकोणबाट समय-समयमा घटबढ भै रहने हुनाले सामाजिक, आर्थिक, भौगोलिक तथा प्रशासकिय दृष्टिकोणबाट १०/१० वर्षको अन्तरालमा जनसंख्याको स्थिति के रहेको छ भनि जनसंख्या गर्ने गरिएको हुन्छ । प्रत्यक गणनाको बिचमा बिभिन्न प्रदेशको जनघनत्वमा कस्तो किसिमको अदलबदल हुन गयो भनेर हेर्ने गरिएको हुन्छ । भौगोलिक दृष्टिकोणबाट नेपाललाई पहाड, भित्री मधेश, तराई र काठमाडौं उपत्यका समेत गरी चारभागमा मोटामोटी रुपमा बाँडेर हेरिन्छ ।

६. विगतका वर्षहरुमा भएको राष्ट्रिय जनगणनालाई हेर्दा बि.सं. २००९ को गणनामा ८८.९ प्रतिशत सनातन धर्मालम्बी, ८.६ प्रतिशत बौद्ध र ३.५ प्रतिशत इस्लाम धर्मालम्बी छन् । बि.सं. २०१८ को गणना अनुसार सम्पूर्ण अधिराज्यमा ८७.७ प्रतिशत हिन्दू, ९.२ प्रतिशत बौद्ध, ३ प्रतिशत इस्लाम धर्मालम्बी र ०.१ प्रतिशत धर्म खुल्न नआएका व्यक्तिहरु छन् । बि.सं. २०३८ (सन १९८१) को जनगनणामा जम्मा पुरुष ७६९५३३६, महिला ७३२७५०३ हिन्दू पुरुष ६,९०६३८२ महिला ६५३९४०५ बौद्ध पुरुष ३८८९८१ महिला ४१०१०० जैन

पुरुष ५,०३८ महिला ४,४०० इस्लाम पुरुष २०६४३७ महिला १९२७६० क्रिश्चियन पुरुष २,११३ महिला १७७८ अन्य पहिचान नखुलेका पुरुष १८६३८५ महिला १७९०६० छन् । वि.सं. २०४८ (सन १९९१) को जनगनणामा जम्मा १८,४९१,०९७ हिन्दू १५,९९६,९५३ बौद्ध १४३९,१४२ इस्लाम ६५३२१८ जैन ७५६१ क्रिश्चियन ३१२८० किराँत ३१८३८९ अन्य २७४१६ पहिचान नखुलेका १८१३८ छन् । वि.सं. २०५८ (सन २००१) को जनगनणामा जम्मा २७७३६९३४ जनसंख्यामा हिन्दू १८३३०१२१ बौद्ध २४४२५२० इस्लाम ९५४०२३ किराँत ८१८१०६ जैन ४१०८ क्रिश्चियन १०१९७६ सिख ५८९० वहाई १२११ अन्य ७८९७९ रहेका छन् । वि.सं.२०६८ (सन २०११) को जनगणनामा जम्मा २६,२४९,५०४ जनसंख्यामा हिन्दू २१,५५१,४९२ बौद्ध २,३९६,०९९ इस्लाम १,१६२,३७० किराँत ८०७,१६९, क्रिश्चियन ३७५,६९९, प्रकृति २१२१,९८२, बोन १३,००६, जैन ३,२१४, वहाई १,२८३ सिख ६०९ नखुलेको ६१,५८१ छन् ।

७. मानिसले लिएको मत- सनातन (हिन्दू), बौद्ध, इस्लाम आदिलाई धर्म भनि परिभाषा गरिएको हो । तर एक धर्ममा विभिन्न सम्प्रदाय पनि पाईन्छन् । जस्तो हिन्दू धर्ममा शैव, वैष्णव शाक्त, बौद्ध धर्ममा हीनयान, महायान, बज्रयान, इस्लाममा सीया र सुन्नी, क्रिश्चियनमा क्याथोलिक र प्रोटेस्टेन्ट सम्प्रदाय हुन्छन् । विगतका राष्ट्रिय जनगणनामा यी सम्प्रदायहरुको मूल धर्म मात्र गणनामा लेख्ने प्रचलन रहिआएको छ । यसभन्दा अधिका मत गणनामा यसैकिसिमले गणना गर्ने गरिएको थियो । www.cbs,gov.np website मा गयो भने राष्ट्रिय जनगणना २०७८ को लागि करारमा सुपरिवेक्षक तथा गणक भर्ना दरखास्त फाराम दिईएको छ । दरखास्त दिने अन्तिम मिति २०७७।१२।११ भनि उल्लेख गरिएको छ । राष्ट्रिय जनगणना २०६८ को फाराममा कुन धर्म मान्नु हुन्छ भनेर ६ वटा कोलम दिएको छ शिर्षक उल्लेख गरिएको छैन । मिति २०७७ भदौ १५ मा नेपाल राजपत्रमा राष्ट्रिय योजना आयोगको सूचनामा राष्ट्रिय जनगणना २०७८ को प्रयोजनका लागि प्रश्नावलीको फाराम प्रकाशन गरिएको छ । त्यसमा फारामको ३ नं. को व्यक्तिगत विवरण अन्तर्गत ३.१० नं. मा कुन धर्म मान्नु हुन्छ भन्ने प्रश्न राखिएको छ । नेपाल सरकारले स्वीकृत गरी प्रकाशित गरिएको उक्त मितिमा उल्लेख भएको प्रश्नावलीलाई गोलमोटल गरी त्यसभन्दा भिन्न तरिकाले आफ्नै स्वविवेकले राष्ट्रिय जनगणना २०७८ को नमुना पत्रको ११ नं. मा हिन्दू, बौद्ध, इस्लाम, किराँत, क्रिश्चियन, प्रकृति, बोन, जैन, वहाई, शिख र अन्य (खुलाउने) भनेर अन्य सम्प्रदाय क्रिश्चियन,

इस्लाम, बौद्धको मूल धर्मको उल्लेख गरी हिन्दू धर्म भित्रका उपसम्प्रदायहरु प्रकृति आदि धर्मलाई छुट्टाछुट्टै शिर्षक दिई हिन्दू धर्मको संख्या कम देखाउने र होच्याउने उद्धेश्यले एकतर्फि ढंगले विपक्षीहरुले राष्ट्रिय जनगणना २०७८ को फारामको नमुना प्रकासित गरेको कुरा विपक्षी केन्द्रिय तथ्यांङ्क विभागको www.cbs,gov.np website मार्फत जानकारी हुन आएको हुँदा उक्तकुरा थाहापाई विपक्षी तथ्याङ्क विभाग थापाथलीमा गई त्यहाँका कर्मचारीहरुलाई भेटी राजपत्रमा उल्लेख भएको कुरा भन्दा यस विभागले निकालेको २०७८ सालका लागि जनगणना फराममा धर्मसम्बन्धी ११ नं. मा फरक ढंगले Website मा फारामको नमूना दिईएको रहेछ कुरा के हो भनि सोद्धा उक्त विभागले निकालेको नमुना फाराम देखाई यस विभागबाट पास भई प्रकासित भएको फाराम Website मा राखेको छ त्यसै अनुरुप २०७८ सालमा जनगणना हुन्छ त्यसमा फेरबदल हुँदैन भन्ने जवाफ पाएकोले विपक्षीको कार्य हिन्दूधर्म माथि घोर अन्यायिक र आपत्तिजनक भएको हुँदा संविधानको मौलिक हकले प्रत्याभूत गरेको समानताको हकमा ठाडो हस्तक्षेप गरेको हुँदा अदालतको शरणमा आउन बाध्य भएको छु ।

८ नेपाल अधिराज्यमा धर्म सम्बन्धी वाद-विवाद वा क्रान्ति भएको छैन । सबैले एक अर्काको धर्मलाई श्रद्धाका दृष्टिले मानि आएका छन् । खास गरी यहाँको संस्कृतिमा कतिपय ठाउँमा हिन्दुधर्म र बौद्ध धर्म यस किसिमसँग परस्परमा मिसिएका छन् कि छुट्याउनलाई गाह्रो पर्दछ । यस्तो अवस्थामा विपक्षीको कृयाकलापले धार्मिक असहिस्णुता बढाउने कार्य हुन लागेको छ ।

९. नेपालको संविधानको धारा ४. उपधारा (१) मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनि यसको स्पष्टीकरणमा: यस धाराको प्रयोजनको लागि “धर्मनिरपेक्ष” भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्भनु पर्छ भन्ने उल्लेख भएको छ । संविधानको भाग- ३ को मौलिक हक अन्तर्गतको धारा १६. को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । धारा १७. को उपधारा (१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । धारा १८. को उपधारा (१) सबै नागरिक कानूनको दृष्टिमा

समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । उपधारा (२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनेको छ। उपधारा (३) मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनेको छ । धारा २६ को धार्मिक स्वतन्त्रताको हक अन्तर्गत उपधारा (१) मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने उल्लेख छ । उपधारा (२) मा प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ भन्ने छ भने उपधारा (३) मा यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ भन्ने उल्लेख छ ।

१०. संविधानको भाग-४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५०. को उपधारा (१) मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ भन्ने उल्लेख छ । उपधारा (२) मा धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान,

उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ भन्ने उल्लेख छ । धारा ५१ को राज्यका नीतिहरूमा राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ भनि (क) मा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति अन्तर्गत उपधारा (२) मा विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्धन गर्ने भन्ने उल्लेख छ ।

११. अतः नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट मिति २०७७ भदौ १५ मा निकालेको राजपत्रको सूचनामा दिएको राष्ट्रिय जनगणनाको प्रश्नावली भन्दा फरक तरिकाले प्रश्नावली तयार गरी मैले मानिआएको वैदिक सनातन (हिन्दू) धर्मलाई छिन्नभिन्न पार्ने र कम संख्या देखाउने कार्य गर्न लागेको हुँदा प्रत्यर्थीको उल्लेखित कृयाले नेपालको संविधानको धारा १६, धारा १७, धारा १८, धारा २६ द्वारा प्रदत्त अधिकारमा अनुचित बन्देज लगाई आघात पुऱ्याएकोले विपक्षीले हाल तयार गरेको राष्ट्रिय जनगणना २०७८ को नमुना फारामलाई उत्प्रेषणको आदेशद्धारा बदर गरी हिन्दू धर्मभित्रको शाखा सम्प्रदायहरुको उल्लेखन नगरी नेपालमा प्रचलित, हिन्दू, बौद्ध, इस्लाम, इसाई धर्मको मात्र वर्गीकरण खुल्ने गरी वा मिति २०७७ भदौ १५ मा रापत्रमा प्रकासित सूचना अनुसारनै जस्ताको तस्तै जनगणनाको फाराममा उल्लेखन गरी जनगणना गर्नु भनि प्रत्यर्थीहरुको नाममा परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ। विषयको गाम्भिर्यतालाई मनन गरी हेरी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७३ बमोजिम मेरो प्रस्तुत निवेदनलाई अग्राधिकार दिलाई पाउँ । साथै यो रिट निवेदनको टुंगो नलागेसम्म पूर्व निर्धारित नमुना फारामको आधारमा जनजणना नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

१२. यसमा हाल कानुन व्यवसायी मुकरर गरेको छैन पछि रहनु हुने कानुन व्यवसायीको बहस पैरविलाई यसैको अभिन्न अंग मानि पाउँ ।

१३. संलग्न फोटोकपी कागजहरुः

क.नेपाल सरकारबाट मिति २०७७।५।१५ को राजपत्रमा प्रकासित सूचनाको फोटोकपि थान ..१

ख. राष्ट्रिय जनगणना २०७८ को नमुना फारामको फोटोकपि थान...............................१

ग. राष्ट्रिय जनगणना २०६८ को नमुना फारामको फोटोकपि थान ..............................१

घ. Population Census 2001 (2068 BS) National Report को फोटाकपि थान........१

ङ. Population Census 1991 (2058 BS) National Report को फोटाकपि थान.........१

च Population Census 1981 (2048 BS) National Report को फोटाकपि थान.........१

छ. राष्ट्रिय जनगणना २००९/२०११ प्रशनावलीको फोटोकपि थान...............................१

ज. आवश्यक कागजात विपक्षीको कार्यालयमा छ भिकिबुझी प्रमाण लगाई पाउँ ।

१४. यसमा लेखिएको ब्यहारा ठिक सांचो छ झूट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निबेदक

निज- सुवास ढकाल-----१

इति सम्बत २०७७ साल  माघ २३ गते रोज ६ सूभम् ----------------------------